मिति २०८२ असार २७ गते बसेको गाउँ कार्यपालिकाको चौथौं बैठक

आज मिति २०८२/०३/२७ गते शुक्रबारका दिन यस सुनकोशी गाउँपालिका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको चौथौं बैठक बसी देहायका विषयमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्णबहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जालबहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | चक्रबहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोक्का | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | दिकेश प्रजापती | |

**आमन्त्रीत उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | अधिकृत स्तर छैठौं | युगबहादुर खड्का | |



CamScanner

मिति २०८२ असार २७ गते बसेको गाउँ कार्यपालिकाको चौधौ बैठक

**गाउँ कार्यपालिकाको चौधौं बैठकको कार्यसूचि**

१. अघिल्लो गाउँ कार्यपालिका बैठकका निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा ।

२. करार सेवा अन्तर्गतका कर्मचारीको म्याद थप सम्बन्धमा ।

३. विविध ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा एघारौं गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । अधिकांश निर्णय कार्यान्वयन सन्तोषजनक रुपमा भइसकेको बाँकी निर्णयहरु समेत कार्यान्वयनको चरणमा रहेको पाइयो ।

२. प्रस्ताव नं २. माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको कार्यालय,वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा जनशक्ति नपुग भई विभिन्न समयमा करारमा कर्मचारी भर्ना गरी कामकाजमा लगाइएको र मिति:२०८२/०३/३२ गतेदेखी सम्पुर्ण कर्मचारीको करार अवधि समाप्त हुने हुँदा यस सुनकोशी गाउँपालिकाको करार कर्मचारी कार्यविधि, २०७५ र पहिलो संशोधन, २०७९ बमोजिम कार्य सम्पादन खराब भएका कर्मचारीको तोकिएको अविधि भन्दा पहिले नै निर्णय लिन सक्ने गरी ६ महिना अर्थात् २०८२ पुष मसान्त सम्मको लागि कर्मचारीको निवेदन र कार्यसम्पादन मुल्याङ्कन फाराम मूल्याङ्कनको आधारमा म्याद थप गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

साथै, एक गाउँ एक प्राविधिक कार्यक्रमको संघीय शसर्त बजेट स्रोत रहेका कृषि, पशु प्रावधिक तथा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सहायक र प्राविधिक सहायकको बजेट निकासा नहुने जानकारी प्राप्त भएको तथा नेपाल सरकारको बजेट सूचना प्रणाली LMBIS मा समेत बजेट प्रविष्ठ नभएको देखिएकोले सो कार्यक्रम अन्तर्गतका करार सेवाका कर्मचारीहरुको आन्तरिक स्रोतबाट बजेट व्यवस्थापन गरी प्रचलित नियम तथा कानुनका आधारमा २०८२ पुष मसान्त सम्म म्याद थप निर्णय गरियो ।

३. प्रस्ताव नं ३. मा रहेको विविध प्रस्तावमा कुनै पनि विषय नरहेको हुँदा गाउँ कार्यपालिकाको बैठक अध्यक्षज्यू बाट समापन भएको घोषणा गर्नुभयो ।



CamScanner